खबर नागरिक
KHABAR NAGARIK
E-paper
खबर नागरिकको समाचार हाम्रो

खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक | २०८२ फागुन ९ गते शनिबार (Friday 21 Feb. 2026) | www.khabarnagarik.com

# निर्वाचन सामाग्री प्याकिङ्ग, १५५ वडामा मतदाता शिक्षा जारी, मतदान अधिकृत तय

**खबर नागरिक**
भैरहवा।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित वातावरणमा सम्पन्न गर्न जिल्ला निर्वाचन कार्यालय रुपन्देहीले मतदान सामग्री व्यवस्थापनदेखि जनशक्ति परिचालनसम्मका काम तिव्र पारेको छ। निर्वाचनको मिति नजिकिएसँगै प्रशासनिक कामले तिव्रता पाएको हो। जस अन्तर्गत मतदान कार्यक्रमका लागि रुपन्देहीमा निर्वाचन सामग्री प्याकिङ्गको काम धमाधम भइरहेको छ भने निर्वाचन अधिकृतको कार्यालयले जनशक्ति व्यवस्थापन गरी तालिमको संयोजन गरिरहेका छन्।




जिल्लाका पाँच वटै निर्वाचन क्षेत्रले मतदान केन्द्रमा खटिने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको नामावली पनि प्रकाशन गरि प्रशिक्षणको काम अगाडि बढाएको छ।

जिल्लाका पाँच वटै निर्वाचन क्षेत्रका लागि समानुपातिक र पहिलो निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फको मतपत्र बाहेकको निर्वाचन सामग्री व्यवस्थापन गरी रुजुको काम र केन्द्रमा पठाउनका लागि प्याकिङ्गको काम भैरहवामा भइरहेको हो।

निर्वाचनका लागि नामावली, सुरक्षणशील, छेकाबारा, नउड्ने मसीको मार्कर, स्ट्याम्प प्याड, प्याडको मसी, दुई प्रकारका स्वस्तिक छाप, यस्तै निर्वाचनसम्बन्धी ऐन, नियम, निर्देशिका, फारम, झोला, र मतपेटिका स्टीकर लगायतका १४ सामग्री केन्द्रबाट आएको छ।

यस्तै पुसपिन, डायरी (पोल बुकको काम गर्ने), मार्कर पेन, स्केल, स्टापलर मेसिन, स्टाप्लर पिन, स्कीसर्स, ग्लुस्टिक, सोसर (काउन्टिङ डम्पर), पञ्चिङ मेसिन, परिचयपत्र होल्डर, भित्री र बाहिरी कार्ड, पुरुष र महिला कार्ड, मतदाता क्रमसंख्या, मतदान केन्द्र कार्ड, प्लास्टिक झोला, बोरा, सुतली, खाम,, सेतो कागज, रेकर्ड फाइल, धागो, सियो, खाप्सियो, फलाटिन कपडा, सलाइ, कोरा कपडा (दुई मिटरको टुक्रा), जेल पेन कालो र रातो एवं चार वटाको मैनबत्ती प्याकेट र प्याकिङ टेप लगायतका ३७ प्रकारका निर्वाचन सामग्री जिल्लामा जि टु जि मार्फत आपूर्ति गरी व्यवस्थापन गरेको जिल्ला निर्वाचन कार्यालय रुपन्देहीकी सूचना अधिकारी कल्पना शर्माले जानकारी दिइन। उनले कर्मचारी थप गरी प्याकिङ्गको काम भइरहेको र क्षेत्र अनुसार प्याकिङ्गको का भएको जानकारी दिइन। सामग्रीहरूको प्याकिङ्ग भएपछि ढुवानी प्रक्रियाको काम सुरु हुने छ।

जिल्ला निर्वाचन कार्यालय रुपन्देहीकी प्रमुख कल्पना अर्यालले निर्वाचन कार्यातालिका बमोजिम काम सम्पन्न गर्न हाम्रो टिम लागेको बताइन। अहिले २०९ मतदान स्थल र ७३२ मतदान केन्द्रका लागि आवश्यक सामाग्री समयमै सामग्री पुर्‍याउन रुजु तथा प्याकेजिङको काम भइरहेको छ। १० प्रतिशत थप सहित कुल ८ सय ५ वटा प्याकिङ भइरहेको छ। मतदान केन्द्रमा खटाइने जनशक्तिको विवरण मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पठाइसकिएको छ भने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि तालिम सञ्चालन गर्ने तयारीसमेत गरिएको प्रमुख निर्वाचन अधिकारी अर्यालले बताइन्।

यससँगै मतदाता शिक्षा कार्यक्रमअन्तर्गत रुपन्देहीमा १७ गतेसम्म मतदातालाई मतदान प्रक्रियाबारे जानकारी गराउने सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको कार्यालयले जनाएको छ। निर्वाचनको तयारीको क्रममा यहाको १५५ वटै वडामा मतदाता शिक्षा स्वयंसेवी परिचालन गरेर मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको र खटिएका मतदाता शिक्षा स्वयंसेवीले बस्ती टोल, गाँउ र विद्यालयका साथै घरदैलो कार्यक्रममार्फत मतदाता शिक्षा दिइरहेका छन्। जस्को अनुगन निर्वाचन सम्पर्क व्यक्तिले गरि विवरण पठाइरहेको कार्यालयले जनाएको छ।

प्रतिनिधिसभातर्फ ५ निर्वाचन क्षेत्र रहेको रुपन्देहीमा राजनीतिक दलका र स्वतन्त्र गरी १५५ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। जिल्लामा ३ लाख ४६ हजार २ सय ३ जना पुरुष, ३ लाख ३६ हजार ३ सय ११ जना महिला र ९ जना अन्य गरी ६ लाख ७२ हजार ५ सय २३ मतदाता छन्।

